# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,

विरुद्ध

वि.वि.वि. ०६९।७० वि.उ.स. ६४१ को विध्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र (भोटेकोशी -५ जलविध्युत आयोजना) अनुमतिपत्र प्राप्त संस्था कालिका ईनर्जी प्रा. लि. ।

**विषयः**- अनुमतिपत्रको शर्त उल्लंघन ।

कालिका इनर्जी प्रा. लि. लाई मिति २०६९।७।३ मा ६०,०००० किलोवाटको भोटेकोशी-५ जलविध्युत आयोजना विध्युत उत्पादनको सर्वेक्षणका लागि अनुमतिप्रत्र (संख्या वि.वि.वि. ०६९।७० वि.उ.स. ६४१) प्रदान गरिएको र उक्त अनुमतिपत्रको बुँदा नं. ७ को (ङ) मा संस्थाको स्वामित्वको संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन भएमा सो को जानकारी विद्युत विकास विभागलाई अविलम्व दिनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७५।२।६ को निर्णयानुसार कालिका ईनर्जी प्रा. लि. को नाम कालिका इनर्जी लिमिटेडमा परिवर्तन भएको, उक्त कम्पनी पब्लिक कम्पनीमा परिवर्तन भएको र शेयर संरचनामा समेत हेरफेर भएको देखिन्छ । यसप्रकार कम्पनीको संरचनामा परिवर्तन भएमा अविलम्व विद्युत विकास विभागलाई जानकारी दिनुपर्नेमा सोको जानकारी दिएको देखिदैन । सो सम्बन्धमा विद्युत विकास विभागबाट उक्त कम्पनीलाई स्पष्टिकरण सोधिएकोमा उक्त कम्पनीले स्वामित्वको संरचनामा परिवर्तन भएको जानकारी एक महिना भित्र गराउनु पर्नेमा भुलवस जानकारी समय भित्र गराउन नसकिएको विषयलाई स्वीकार गरी स्पष्टिकरण पेश गरेको देखिन्छ । कालिका इनर्जी प्रा. लि. ले अनुमतिपत्रमा उल्लेखित शर्त उल्लंघन गरेकोले विद्युत ऐन,२०४९ को दफा ३८ बमोजिम कालिका इनर्जी प्रा. लि. लाई रु. ५,०००।- (अक्षेरुपी पाच हजार मात्र) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशील बेमोजिम गर्नु ।

**तपशीलः**

१. कालिका इनर्जी प्रा. लि. लाई निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
सचिव

इति सम्बत २०७५ साल असोज १६ गते रोज ३ शुभम्------------------------------------------------------- ।